नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सूचना

सवारी तथा यातायात व्यवस्था (आठौं संशोधन) नियमावली, २०७४

सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १७९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "सवारी तथा यातायात व्यवस्था (आठौं संशोधन) नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. सवारी तथा यातायात व्यबस्था नियमावली, २०५४ को नियम २०मा संशोधनः सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २० को उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएको छ :-

"(६) सानो सवारी चलाएको दुई वर्ष पूरा नभएसम्म अनुसूची-१८क. मा उल्लिखित सवारी बाहेक अन्य मझौला र ठूलो सवारी चलाउन चालक अनुमतिपत्र दिइने छैन ।"

३. मूल नियमावलीमा अनुसूची-१८क. थपः मूल नियमावलीको अनुसूची-१८ पछि यसैसाथ संलग्न अनुसूची-१८क. थपिएको छ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची-१८क.

(नियम २० को उपनियम (६) सँग सम्बन्धित)

सवारीको नाम

१. मोबाइल क्रेन
२. डोजर
३. विटुमिन डिष्ट्रिब्युटर
४. मिनी डम्पर
५. एक्साभेटर
६. फोर्कलिफ्ट ट्रक
७. मोटर ग्रेडर
८. चिप्स स्प्रेडर
९. लोडर
१०. पाइल ड्राइभर
११. रोड मार्किङ्ग मेशिन
१२. रोलर
१३. ट्रेलर ट्रयाक्टर (लो वेड ट्रेलर)
१४. ब्रिज इन्सपेक्सन इक्युपमेन्ट
१५. पट होल प्याचर
१६. क्रेन माउन्टेड ट्रक
१७. ट्रयाक्टर

आज्ञाले,
देवेन्द्र कार्की
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ९५।
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।